# शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मिति: २०८२/०९/०१ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८७ मिति २०८१/११/१८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १५३० मिति २०८२/०८/२५ गतेको बाह्‌य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका असना, खयर, धौटी, जामुन जातका कुल जम्मा गोलिया थान ३०४ को ६०३.८१ क्यू.फिट काठ तथा साल मिश्रित जातको ४ चट्टा दाउरालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

## श्री सिता सामुदायिक वन उपभोक्ता समूह

डुडुवा गा.पा.-०५, बाँके

# सम्पादकीय

## नसर्ने रोगले निम्त्याउँदै दोहोरो संकट

नेपालमा नसर्ने रोग (एनसिडी) पछिल्ला वर्षहरूमा मौन तर गहिरो सार्वजनिक स्वास्थ्य संकटका रूपमा उभिएको छ। क्यान्सर, मिर्गौला, मुटु, अल्जाइमर, हेड तथा स्पाइनल इन्जुरी, सिकल-सेल एनिमियाजस्ता रोगले राज्य, समाज र परिवार तीनै तहमा असह्य दबाब सिर्जना गरिरहेका छन्। एकातिर रोग लागेको पीडा अर्कोतिर उपचारका लागि स्वदेशमै सहज र प्रभावकारी अस्पताल नहुनु र बाहिर जान आर्थिक स्रोतको अभाव। उपचारका लागि आर्थिक स्रोतको याचना गर्दै दिनहुँ आइरहने अनुनयका पोस्टले सामाजिक सञ्जालय करुणामय बनाइरहेको देखिन्छ।

संघीय स्वास्थ्य मन्त्रालयकै तथ्यांक हेर्दा आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म मात्रै विपन्न नागरिकको उपचारमा १६ अर्ब ७९ करोड रुपैयाँभन्दा बढी खर्च भइसकेको छ। यही अवधिमा उपचार सहायता लिने बिरामीको संख्या पनि झण्डै दोब्बर भएको छ। यसरी सहायता लिनेको तथ्यांक एकातिर छ भने विदेशमा उपचार गराउन जान बाध्य भएकाका विवरण राज्यसंग छैन।

यो तथ्यांकले दुई गम्भीर सन्देश दिन्छ। पहिलो, नसर्ने रोगको चाप तीव्र गतिमा बढिरहेको छ। दोस्रो, राज्यको नीति अझै पनि उपचारमुखी घेराभित्र सीमित छ। पाँच वर्षमा खर्च २ अर्बबाट ४ अर्ब नाघ्नु र बिरामी संख्या २९ हजारबाट ५३ हजार पुग्नु सामान्य वृद्धि होइन, यो भविष्यको खतरनाक संकेत हो। क्यान्सर र मिर्गौला रोगले मात्रै कुल सहायताको ७० प्रतिशतभन्दा बढी हिस्सा ओगट्नुले समस्या कति गहिरो छ भन्ने देखाउँछ।

राज्यले निःशुल्क डायलाइसिस, क्यान्सर उपचार सहायता, मुटु शल्यक्रिया, औषधी वितरणजस्ता कार्यक्रम विस्तार गरे पनि यसको पहुँच सबैसम्म पुगेको छैन। अझ गम्भीर कुरा त के हो भने सरकारी तथ्यांकमा सहायता नपाएका, निजी अस्पताल धाउने वा भारतलगायत विदेशमा उपचार गर्न बाध्य भएका हजारौं नागरिकको कुनै लेखाजोखा छैन। उपचार खर्चले थिचिएका परिवार ऋण, सहयोग संकलन र सामाजिक अपमानको चक्रमा फसिरहेका छन्।

समस्या यहाँ उपचारमा पैसा नखर्चिएको होइन, रोकथाममा नखर्चिएको हो। जीवनशैली, अस्वस्थ खानपान, धुम्रपान, मदिरा सेवन, शारीरिक निष्क्रियता र प्रदूषणजस्ता कारणलाई समयमै सम्बोधन नगर्दा राज्य हरेक वर्ष अर्बौं रुपैयाँ उपचारमै हाल्न बाध्य भइरहेको छ। विज्ञहरूले पटक-पटक भनिरहेका छन्-स्क्रिनिङ, जनचेतना, पोषण र स्वस्थ जीवनशैलीमा लगानी नगरी एनसिडी नियन्त्रण सम्भव छैन। अब पनि स्वास्थ्यको नीति नफेरिने हो भने नसर्ने रोग नेपालका लागि केवल स्वास्थ्य समस्या होइन, दीर्घकालीन आर्थिक र सामाजिक संकटको रूपमा विस्फोट हुनेछ।

## अर्बुद रोग निवारण संस्थाको अध्यक्षमा हमाल

बुटवल, मंसिर २९ (मेसस)। नेपाल अर्बुद रोग निवारण संस्था रुपन्देहीको सभापतिमा पुनः खिमबहादुर हमाललाई चयन गरिएको छ। संस्थाको सोमबार बुटवलमा सम्पन्न छैटौं जिल्ला अधिवेशनले हमालको नेतृत्वमा सर्वसम्मत १५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो। नवनिर्वाचित कार्यसमितिको सदस्यहरुमा विना न्यौपाने, बाबुराम विक, प्रजापाल गिरी, गुणनिधि खनाल, तेजनारायण अर्याल, पुनम पौडेल, इन्दिरा पाण्डे, मुक्तिराज पौडेल, भगवता वेलवासे, निमा थारु, उमा थापा, रमेश पराजुली र शैलेका पन्तलाई सर्वसम्मत चयन गरिएको निर्वाचन समिति संयोजक महेन्द्र पाण्डेले जानकारी गराए।

कार्यसमितिमा महिला सहित २ उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष र सहसचिव नवनिर्वाचित कार्यसमितिको बैठकबाट निर्वाचित सदस्यबाट मनोनित गर्ने वैधानिक व्यवस्था छ। अधिवेशनको उद्घाटनमा संस्थाका केन्द्रीय सदस्य मधुसुदन गैरेले क्यान्सर रोग नियन्त्रण, रोकथाम र जनचेतना अभिवृद्धिमा संस्थाले खेलेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा अझ प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सुझाव दिए।

२०५३ सालमा स्थापना भएको संस्थाले क्यान्सर रोगलाई समाजका लागि गम्भीर चुनौतीका रूपमा लिँदै जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राख्दै आएको संस्थाका अध्यक्ष खिमबहादुर हमालले जानकारी गराए। उनका अनुसार अघिल्लो वर्ष मात्रै रुपन्देहीमा ८२१ जना क्यान्सर रोगी थपिएका छन्। यो जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्यांक हो।

## ढुवानी समितिद्वारा रक्तदान

बुटवल, मंसिर २९ (मेसस)। ढुवानी व्यवसायी समिति, रुपन्देहीको आयोजनामा सोमवार बुटवलमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। बुटवल उपमहानगरपालिका वडा नं. १२ स्थित ढुवानीग्राममा रहेको समितिको कार्यालयमा आयोजित कार्यक्रममा १ सय ७ पोका रगत संकलन भएको समितिले जनाएको छ।

कार्यक्रमको शुभारम्भ प्रमुख अतिथि नेपाल नियमित रक्तदाता संघका अध्यक्ष कृष्ण चौहानले रक्तदातालाई रगत संकलन गर्ने व्याग हस्तान्तरण गरी गरिएको थियो। सो अवसरमा बोल्दै अध्यक्ष चौहानले रगतको अभावमा कसैले पनि जीवन गुमाउन नपरोस् भन्ने उद्देश्यले रगतको उपलब्धता र रक्तदानमा उत्प्रेरित गर्नको लागि नियमित रुपमा रक्तदान गर्न सबैलाई आग्रह गरे। उनले चिसो मौषममा रगतको अभाव हुने जानकारी पनि दिए।

संस्थाका वार्षिक कार्यक्रमअनुसार सामाजिक उत्तरदायित्व बहन गर्दै रक्तदान कार्यक्रम गरिएको समितिका अध्यक्ष अनिल श्रेष्ठले बताए। रक्तसञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोगमा गरिएको रक्तदान कार्यक्रममा संस्थाका पदाधिकारी, सदस्य, व्यवसायी, मजदुर तथा शुभेच्छुकसमेत गरी १ सय ७ जनाले रक्तदान गरेको कार्यक्रमका संयोजक समितिका वरिष्ठ उपाध्यक्ष शंकर लम्सालले जानकारी गराए। समितिले विगत वर्षदेखि हरेक वर्ष रक्तदान गर्दै आएको छ।

कार्यक्रममा रक्तदान गर्ने रक्तदातालाई संस्थाका अध्यक्ष श्रेष्ठ, नेपाल ट्रक व्यवसायी महासंघका केन्द्रीय वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेल, समितिका निर्वमान अध्यक्ष जितबहादुर भाट, पूर्वअध्यक्ष श्यामराज हमाल, कार्यक्रम संयोजक शंकर लम्साल, रक्त संचार केन्द्रका निरञ्जन श्रेष्ठलगायतले प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रम समितिका अध्यक्ष अनिल श्रेष्ठको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष शंकर लम्सालको स्वागत तथा सचिव झविन्द्र थापाले सञ्चालन गरेका थिए।

# कालिका मानवज्ञान माविमा 'कालिका कप' आयोजना



बुटवल, मंसिर २९ (मेसस)। कालिका मानवज्ञान मावि, बुटवलले ६५ औं वार्षिकोत्सव तथा अभिभावक दिवस यही पुस १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाउने भएको छ। वार्षिकोत्सव कार्यक्रममा आयोजना गरिने खेलकुद तथा जिल्लास्तरीय कालिका कप खेलकुद प्रतियोगिता यस वर्ष पनि आयोजना गरिएको छ।

विद्यायले सोमबार पत्रकार सम्मेलनको आयोजना गरी किताबी ज्ञान मात्र नभई शारीरिक अभ्यास खेलकुद एवम् विभिन्न प्रदर्शनीको माध्यमबाट पनि विद्यार्थीहरुलाई ज्ञान सिकाउन सकिन्छ भन्ने उद्देश्यका साथ 'शिक्षा सँगै खेल' भन्ने नाराका साथ कालिका रनिङ शिल्ड प्रतियोगिताको चौथो जिल्लास्तरीय कालिका कप खेलकुद प्रतियोगिता-२०८२ आयोजना गर्न लागिएको जानकारी गराएको हो। पुस १ गते खेलाडीहरुको मार्चपास, झाँकी, विद्यालयका करिब ६ हजार विद्यार्थीहरुले पिटी प्रर्दशन गर्ने छन्।

विद्यालयका प्रधानाध्यापक दिनेश थापाका अनुसार पुस २ गतेदेखि 'जिल्लास्तरीय कालिका रनिङ शिल्ड' आयोजना हुने छ। खेल विधालाई अभिन्न अंगको रुपमा योजना गराई कार्य सञ्चालन गर्दा विद्यालयको समग्र शैक्षिक विकासमा टेवा पुग्ने गरी काम गरेको विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए। उनले भने,'यस कार्यले प्रमाणित गरेको छ। जसले यस विद्यालयको मात्रै नभई समग्र जिल्लाबासीकै खेलप्रतिको रुचि र लगावमा विकास भएको छ।' खेलकुद प्रतियोगितमा जिल्लाका २८ वटा विद्यालयका १ हजार ३२६ जना खेलाडी सहभागी हुने थापाले बताए।

कालिका कप खेलकुद प्रतियोगितमा भलिबल (छात्र/छात्रा) र कबड्डी (छात्र/छात्रा) जिल्लास्तरीय प्रतियोगीता आयोजना हुने छन्। जसमा भलिबल र कबड्डी बिजेता टिमलाई नगद पुरस्कार, ट्रफी र मेडल प्रदान गरिने छ। प्रथम हुने समूहले नगद ३० हजारसहित नगद पुरस्कार, ट्रफी र मेडल प्राप्त गर्ने छन्। यस्तै द्वितीय हुने टिमले २० हजार नगदसहित नगद पुरस्कार, ट्रफी र मेडल र तृतीय टिमले नगद १० हजार सहित नगद पुरस्कार, ट्रफी र मेडल प्राप्त गर्ने विद्यालयका प्रधानाध्यापक थापाले जानकारी दिए।

यस्तै कबड्डी प्रतियोगीतामा पनि सोहीअनुसारको पुरस्कार व्यवस्था गरिएको छ। कालिका कपसहित वार्षिकउत्सव उद्घाटन कार्यक्रम कालिकानगरमा बुटवल उपमहानरपालिका प्रमुख खेलराज पाण्डेको प्रमुख आतिथ्यतामा हुँदै छ। वि.सं. २०७६ सालमा 'नगरस्तरीय कालिका रनिङ शिल्ड' विद्यालयका तत्कालीन व्यवस्थापन समितिका अध्यक्ष होमबहादुर गलामी तथा प्र.अ.घनश्याम पाठकको पहल कालिका कप सुरुवात भएको थियो।

वि.सं. २०७६ सालमा यस विधाअन्तर्गत २२ ओटा विद्यालय, वि.सं. २०७८ मा ३२ ओटा विद्यालय, वि.सं. २०७९ मा ४९ ओटा विद्यालय, २०८० सालमा २७ ओटा विद्यालय र २०८१ सालमा २६ ओटा विद्यालय संलग्न रहेका थिए। विद्यालयले प्राज्ञिक तथा शैक्षिक क्षेत्रमा मात्र नभई खेलकुद तथा अतिरिक्त क्रियाकलापमा समेत महत्वपूर्ण उपलब्धि हासिल गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदकहरु जिती राष्ट्रको गरिमा उँचो गराउने अब्बल खेलाडीहरु समेत उत्पादन गर्न सफल भएको विद्यालयले जनाएको छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यानन्द ज्ञवालीले कालिका मानवज्ञान माविको शैक्षिक उन्नयनमा शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अभिभावकहरुको साझा पहल रहेको बताएका थिए। पत्रकार सम्मेलनमा विद्यालयका पूर्व प्रधानाध्यापक तथा बुटवल कालिका क्याम्पसका प्रमुख घनश्याम पाठक, विद्यालयका सहायक प्रधानाध्यापक विष्णु हरी ज्ञवाली र पिताम्बर बन्जाडेसहित विद्यालय व्यवस्थापन समितिका सदस्य, सल्लाहकार समितिका सदस्य, ईन्चार्ज, शिक्षक, प्रशिक्षकहरुको सहभागीता रहेको थियो।

# गुडिया मेकओभर स्टुडियो सञ्चालनमा

बुटवल, मंसिर २९ (मेसस)। सबैखाले मेकअपका सेवा प्रदान गर्ने गरी बुटवल नेपालगञ्ज रोडको विकास पथमा गुडिया मेकओभर स्टुडियो सञ्चालनमा आएको छ। युवा तथा अनुभवी व्यूटिसियन गुडिया कुँवरले गुडिया मेकअप स्टुडियो सञ्चालनमा ल्याएकी हुन्। मेकओभर स्टुडियोको सोमबार राष्ट्रिय कलाकार खुमन अधिकारी र अन्तर्राष्ट्रिय मेकअप आर्टिस्ट सोनिस्ता लामाले उद्घाटन गरिन्।

सो अवसरमा बोल्दै कलाकार अधिकारीले पछिल्लो समय विभिन्न कार्यक्रम, विवाह, भोजभतेरलगायत महत्वपूर्ण कार्यक्रममा जादा विशेष देखिन शृङ्गारगृहमा गई तयार भई जाने क्रम बढेको बताउँदै त्यसको स्थान गुडिया स्टुडियाले लिने विश्वास व्यक्त गरे। सो अवसरमा बोल्दै गुडियाले कलाकार मेकअपदेखि सुटिङ, फोटो सेसन र सेलिब्रेटी र सर्वसाधारणले स्टुडियोमा आएर सिधै पार्टी र सुटिङमा जान सक्ने बताइन्। सञ्चालक अनन्त कुँवरले ५० लाख लगानीमा स्टुडियो सञ्चालनमा ल्याएको बताए। उनले अत्याधुनिक सुविधा सहित सेन्टरले सबैलाई सेवा प्रदान गर्ने बताए।



इन्टरनेशनल आर्टिस्ट सोनिस्ता लामाले गुडिया आफ्नो विद्यार्थी रहेको बताउँदै सबै काममा निखरता स्टुडियोले दिने बताइन्। विनेशममा हुनुपर्ने सबै गुण गुडियामा रहेको भन्दै लामाले बुटवलको व्युटिसियनमा यसले ईंटा थप्ने विश्वास व्यक्त गरिन्। कार्यक्रममा मेकअप आर्टिस्टहरु सीता ध्वजू, रेनु श्रेष्ठ, खुसी ट्रेडिङका विष्णु घिमिरे, कैलाश टन्डनलगायतले बोल्दै मेकअप विजनेशको सफलताको शुभकामना व्यक्त गरे। कार्यक्रमको सञ्चालन पत्रकार सुमन श्रेष्ठले गरेका थिए।

# बालमैत्री नयाँगाउँ पूर्ण सरसरफाइयुक्त वडा घोषणा




गुल्मी, मंसिर २९ (मेसस)। गुल्मीको धुर्कोट गाउँपालिका-१ नयाँगाउँ बालमैत्री स्थानीय शासनयुक्त र पूर्ण सरसफाइयुक्त वडा घोषणा भएको छ। गत असारमा गुल्मीकै पहिलोपटक बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको थियो। त्यसको पाँच महिनापछि धुर्कोट गाउँपालिका नयाँगाउँमा रहेका आठओटा टोल विकास संस्थाअन्तरगतका घरधुरी, संघ संस्था, कार्यालय गरी कुल सात सय ८८ स्थानमा हरियो स्टिकर टाँस गरेपछि नयाँगाउँलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा गरिएको हो।

नयाँगाउँलाई गाउँपालिका प्रमुख भुपाल पोखरेलले पूर्ण सरसफाइयुक्त वडा घोषणा गेरेका छन्। घोषणापछि वडाध्यक्ष चेतमान कुँवरलाई पूर्ण सरसफाइयुक्त वडा घोषणा भएको प्रमाणपत्र प्रदान गर्दै गाउँपालिका प्रमुख पोख्रेलले अभियानको निरन्तरताको शुभकामना दिए। पोखरेलले सरसफाइका छ वटा सूचकहरु पूरा गर्नु सामान्य विषय नभएकाले नयाँगाउँ दुई वटा महत्वपूर्ण राष्ट्रिय अभियानमा सफल भएकोमा खुसी व्यक्त गरे।

उनले गाउँपालिकाभित्र रहेका सम्पूर्ण घर, परिवार, संघ संस्था, कार्यालयमा सरसफाई गुरुयोजना २०६८ र पूर्ण सरसफाई मार्गदर्शन २०७३ लाई आधार मानि पूर्ण सरसफाइयुक्त टोल, वडा र पालिका घोषणा गर्ने पालिकाले उदेश्य रहेको बताए। त्यस्तै गाउँपालिका उपप्रमुख सीता गिरीले स्वास्थ्य सबैभन्दा महत्वपूर्ण भएकोले अन्य वडाहरु पनि पूर्ण सरसफाइयुक्त वडा घोषणाको काममा लागेको बताए। यसले समाजको दिगो र प्रभावकारी विकासमा पनि सहयोग पुग्ने भएकोले वडाबासीलाई बधाई दिइन्।

पूर्ण सरसफाइयुक्त वडा घोषणाको लागि नयाँगाउँमा टोल विकास संस्था गठन भई क्रियाशील भएको, सबै टोलमा सरसफाई तथा फोहोरमैला व्यवस्थापनसम्बन्धी अभिमुखीकरण अभियान चलाइएको, साविकको वडा नम्बर ५, ६ र ७ मा शौचालय नभएका विपन्न परिवारलाई पाइप र साइफन वितरण गरिएको छ। त्यसैगरी सात सय ८८ घरधुरीमा चाङ निर्माण गरिएको, विपन्न परिवारलाई पालिकाको सहयोगमा शौचालय निर्माण गरिदिएको, विभिन्न पर्यटकीय स्थलहरुमा सार्वजनिक शौचालय निर्माण, सबै विद्यालयहरुमा छात्र/छात्रा शौचालयको निर्माण, सार्वजनिक स्थानहरुमा फोहोर जलाउने खाल्डाहरु निर्माण एवं आठओटै टोललाई पूर्ण सरसफाइयुक्त टोल घोषणा लगायतका काम भएको वडाध्यक्ष चेतमान कुँवरले जानकारी दिए।

नयाँगाउँमा पहिलो पटक भाँखर्क टोल विकास संस्था २०८० असार २३ गते र अन्तिमपटक सिद्धस्थान टोल विकास संस्था गत भदौ १९ गते पूर्ण सरसफाइयुक्त टोल घोषणा भएका थिए। कार्यक्रमकै अवसरमा पूर्ण सरसफाइयुक्त वडा घोषणाको लागि योगदान दिने सबैलाई सम्मान पत्र र दोसल्लाले सम्मान गरिएको थियो। नयाँगाउँ धुर्कोटमा पूर्ण सरसफाइयुक्त वडा घोषणा हुने दोस्रो वडा हो।

यसभन्दा पहिले वडा नम्बर ६ रजस्थललाई सरसफाइयुक्त वडा घोषणा गरिएको थियो।

सामाजिक विकासका विभिन्न सूचकहरुमध्ये नयाँगाउँले आफूलाई अब्बल सावित गर्दै आएको छ। धुर्कोट गाउँपालिकाका वडा नं ६ रजस्थलले पहिलोपटक सरसफाइयुक्त वडा घोषणा गरेको धुर्कोट गाउँपालिकाका वास संयोजक छविलाल विश्वकर्माले जानकारी दिए। सबै वडामा अभियान सञ्चालन भएकाले क्रमशः घोषणा गर्दै जाने विश्वकर्माले बताए।

प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श
पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार
डा. सन्तोष गौतम
— बरिष्ठ आयुर्वेद चिकित्सक —
२० वर्ष अनुभवी
दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श
यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि, सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श
अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श
माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२७

इट्टा चाहिएमा !
तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला।
LBF मार्का LBF
सम्पर्क: पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ।

# न्यू होराइजन र रूपन्देही लीलाराम फाइनलमा

भैरहवा, मंसिर २९ (मेसस)। भैरहवामा जारी स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगितामा न्यू होराइजन स्कुल र रूपन्देही लीलाराम न्यौपाने मावि फाइनल पुगेका छन्। सोमबार भएको सेमिफाइनलमा न्यू होराइजनले लुम्बिनी शिक्षा निकेतनलाई ७ विकेट र लीलाराममले होराइजन जीबीएसलाई ८ विकेटले हराउँदै फाइनल यात्रा पक्का गरेका हुन्। यी दुई टीमबीच मंगलबार उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा टस जितेर ब्याटिङमा आएको लुम्बिनी शिक्षा निकेतनले ४ विकेट गुमाएर १ सय १५ रन बनायो। उसका लागि अलिउद्दिन खानले ४६, जाभेद खानले ३४ र आसिफ खानले नटआउट १४ रन जोडे। बलिङमा न्यू होराइजनका प्रिन्स पाल, अनिश भट्टराई र रिजन बुढाथोकीले १-१ विकेट लिए। जवाफमा न्यू होराइजनले १४ ओभरमा ३ विकेट गुमाई १ सय १८ रन बनाउँदै सहजै जित निकाल्यो। उसको जितमा प्रिन्स पालले नटआउट ५५ रनको अर्धशतकीय पारी खेले। यस्तै, अब्राहम अलीले अविजित २४ र सफल भट्टराईले १९ रन बनाए। बलिङमा लुम्बिनी शिक्षा निकेतनका बासुदेव यादवले २ र सफिउल्लाह खानले १ विकेट लिए। प्रिन्स पाल प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको होराइजन जीबीएसले १८ ओभर ५ बलमा सबै विकेट गुमाएर जम्मा ८० रनको झिनो योगफल खडा गर्‍यो। उसका लागि प्रसन पोखरेलले २२ र सुनिल लोधले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्। बलिङमा लीलारामका फैजन खान, प्रेमसागर यादव र विक्की मल्लाहले २-२ तथा कृष्णमोहन कुर्मीले १ विकेट लिए।

प्रतिउत्तरमा लीलारामले १२ ओभर ५ बलमा २ विकेटको क्षतिमा ८१ रन बनाई सहजै जित दर्ज गर्‍यो। उसको जितमा लक्की यादवले अविजित ३६ र आयन खानले नटआउट २३ रनको योगदान गरे। बलिङमा होराइजन जीबीएसका शिवप्रसाद यादव र सहज अर्यालले १-१ विकेट लिए। प्रेमसागर यादव प्लेयर अफ द म्याच भइ पाँच सय रुपैयाँ प्राप्त गरे।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र उपविजेताले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने खेल संयोजक उदयकुमार मल्लिकले जानकारी दिए। यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट बलर र बेष्ट ब्याटरले समान ५-५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय रुपैयाँ र अनुसाशित टिमलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएका छन्। पर्वत ज्वेलर्स, भैरहवाले प्रायोजन गरेको प्रतियोगितामा रूपन्देहीका ३० वटा विद्यालयले प्रतिस्पर्धा गरेका थिए।

## नेप्से परिसूचकमा सुधार

काठमाडौँ, मंसिर २९। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। सोमबार नेप्से परिसूचक छ दशमलव ७४ अङ्कले बढेर दुई हजार ६०१ दशमलव ६१ को बिन्दुमा कायम भएको हो। सोमबार ३२९ कम्पनीको ७७ लाख ५७ हजार ६२५ कित्ता शेयर ५६ हजार १२२ पटक खरिदबिक्री हुँदा रु.तीन अर्ब ४४ करोड १९ लाख तीन हजार ७७० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

सोमबारको कारोबारमा बैंकिङ शून्य दशमलव ७२, विकास बैंक शून्य दशमलव ३३, वित्त शून्य दशमलव ९०, जनविद्युत् शून्य दशमलव ०६, जीवन बिमा शून्य दशमलव ३०, उत्पादन तथा प्रशोधन शून्य दशमलव ५७, निर्जीवन बिमा शून्य दशमलव ०७ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। होटल तथा पर्यटन शून्य दशमलव ११, लगानी शून्य दशमलव ०८, म्युचुअल फण्ड शून्य दशमलव ११ र अन्य समूह शून्य दशमलव १७ प्रतिशतले घटेको छ।

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ९५ प्रतिशतले घटेको छ।

## कतार लैजाने तयारीमा खगेन्द्रप्रसाद र रूद्रकली हात्ती

काठमाडौँ, मंसिर २९। नेपाल सरकारले कतार सरकारलाई उपहारस्वरूप प्रदान गर्न तय भएका खगेन्द्रप्रसाद र रूद्रकली हात्तीलाई सोमबार चितवनबाट बिदाइ गरिएको छ। चितवन राष्ट्रिय निकुञ्जमा हुर्काइएका दुवै हात्तीलाई सोमबार एक समारोहका बिच बसोबासस्थलबाट बिदाइ गरिएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ।

दुवै हात्तीलाई चितवनबाट ट्रकमा भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा पुर्‍याएर त्यहाँबाट आगामी पुस २ गते कतार यएरवेजको चार्टर फ्लाइटबाट सिधैँ कतार लगिने तयारी रहेको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा.गणेश पन्तले जानकारी दिए।

हात्तीलाई आवश्यक पर्ने हावापानी अनुकूलता र ढुवानी समेतलाई मध्यनजर गरी हात्तीलाई भैरहवाबाट हस्तान्तरण गर्न लागिएको हो। आगामी पुस २ गते बिहान गते भैरहवामा नेपाल सरकारले कतार सरकारलाई औपचारिक रूपमा हात्ती हस्तान्तरण गर्ने जनाएको छ। नेपालले अन्य विभिन्न मुलुकलाई गैँडा उपहार दिएको भए पनि हात्ती दिन लागिएको यो पहिलोपटक हो।

विभागका सूचना अधिकारी वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले हात्ती कतार पठाउने प्रक्रिया लगभग पूरा भएको जानकारी दिए। उनका अनुसार पठाउन लागेकामध्ये खगेन्द्रप्रसाद भन्ने भाले हात्ती छ वर्षको र रुद्रकली भन्ने पोथी हात्ती सात वर्षका छन्। चितवन राष्ट्रिय निकुञ्जको हात्ती प्रजनन तथा तालिक केन्द्र खोरसोरमा जन्मेका दुबै हात्ती त्यही हुर्काइएका हुन्।

विसं.२०८१ साल वैशाख ११ र १२ गते कतारका अमिर शेख तमिम बिन हमाद अल थानीको नेपालको औपचारिक भ्रमणका बेला नेपाल सरकारले एक जोडी हात्ती कतारलाई उपहार दिने जनाएको थियो। नेपालले साइटिसलगायतका प्रक्रिया पूरा गरी २०८१ साल कार्तिक २ गते मन्त्रिपरिषद्बाट एक जोडी हात्ती उपहारस्वरूप प्रदान गर्ने निर्णय गरेको थियो।

कतारमा हात्ती हुर्काउनका लागि हात्तीसँगै नेपालले एक जना भेटनरियन प्राविधिक र दुई जना माउतेसमेत एक महिनाका लागि पठाउन लागेको वरिष्ठ इकोलोजिष्ट आचार्यले बताए। उनीहरू एक महिनामा हात्ती हुर्काउने तरिका सिकाएर फर्किनेछन्। कतारमा हात्तीको रहनसहन, आहार र हावापानी अनुकूलनका बारेमा नेपालबाट प्राविधिक टोली यसअघि नै पुगेर स्थलगत अध्ययन गरिसकेको चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा.पन्तले जानकारी दिए।


## शिक्षक आवश्यकता

मिति : २०८२/०८/२९ गते

**शुद्धोधन गा.पा. कपिलवस्तुको च.नं. ८१७ मिति २०८२।०८।२५ को सिफारिस तथा शिक्षा विकास तथा समन्वय इकाई कपिलवस्तुको च.नं. ३५९ मिति २०८२/०८/२८ को करार शिक्षक भर्ना अनुमति सम्बन्धि पत्र र यस विद्यालयको वि.व्य.स. को निर्णय अनुसार तपसिल अनुसारको रिक्त दरबन्दीमा शिक्षक सेवा आयोगबाट प्रकाशित पछिल्लो करार सुचीबाट तथा खुल्ला रुपमा समेत एकै पटक दरखास्त आह्वान गरिएको हुदा नियमानुसारको रितपूर्वक दरखास्त दिनुहुन जानकारी गराइन्छ।**

तपसील

**विज्ञापन नं. ०२-२०८२/०८३**

१) पद – प्राथमिक तह (तृतीय श्रेणी) करार  २) संख्या– १ (एक)
३) शैक्षिक योग्यता– शिक्षा ऐन नियमावली अनुसार
४) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
५) तलबभत्ता नेपाल सरकारको प्रचलित स्केल अनुसार
६). दरखास्त दिने अन्तिम मिति २०८२/०९/१४ गते ४:०० बजे सम्म
७) परीक्षाको किसिम–लिखित र अन्तर्वार्ता (आवश्यक परे प्रयोगात्मक समेत)
८) दरखास्त दस्तुर– ७०० (सात सय मात्र)
९) सम्पर्क मिति २०८२।०९।१५
१०) परीक्षा मिति – सम्पर्क मितिका दिन तोकिने छ।
११) दरखास्त दिने स्थान– श्री मोतीभारी माध्यमिक विद्यालय शुद्धोधन–३, लवनी, कपिवस्तु
१२). आवश्यक कागजातहरु:-
क) हस्तलिखित निवेदन – १ थान
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
ग) शिक्षक अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान
घ) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १ थान

प्रधानाध्यापक
**श्री मोतीभारी माध्यमिक विद्यालय**
शुद्धोधन गा.पा.–३, लबनी, कपिलवस्तु, फोन : ९८१६४००२१४



## शुद्धोधन गाउपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको छुट कित्ता दर्ता सिफारिस सम्बन्धी १५ दिने सूचना

**जिल्ला रुपन्देही शुद्धोधन गाउपालिका वडा नं. ७ गाउटोल खुनगावा बस्ने राधेश्याम पासी र सत्रुधन पासीको निवेदन अनुसार बाबु रामप्रित पासीले भोग चलन गरी आएको साविक मानपकडी गा.वि.स. वडा नं. ९ख कि.नं. ४३४ ज.वि. १–३–५ जग्गा बाबु रामप्रित पासीको मिति २०६३/११/०७ गते र आमा गुलाबि पासीको मिति २०५८/०७/१० गते मृत्यू भईसकेको र उक्त जग्गा दर्ता हुन छुट भएकोले छुट जग्गा दर्ताको लागि सिफारिस गरिपाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोले निजलाई उक्त दर्ता हुन छुट जग्गा दर्ताको लागि सिफारिस गर्दा कसैको हकदैयामा असर पर्ने वा सिफारिस गर्न नमिल्ने भए यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र स–प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्न आउनुहुन यो सूचना प्रकाशन गरिएको छ। म्यादभित्र उजुरी नपरेमा यस कार्यालयबाट मिति २०८२/०८/१४ गते गरिएको स्थलगत सरजमिन र प्रचलित कानुन बमोजिम सिफारिस भई जाने व्यहोरा समेत सूचित गरिन्छ।**



## शिक्षक तथा कर्मचारी आवश्यकता

यस श्री पजरकट्टी माध्यमिक विद्यालय रोहिणी-७, सेमरा, रूपन्देहीको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०८/२८ गते बसेको बैठकको निर्णय तथा रोहिणी गाउपालिकाको प.सं. च.नं.६७५ मिति २०८२/०८।२६ को प्राप्त पत्रानुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहायक (लेखापाल) र गा.पा. अनुदानको नि.मा.वि. गणित र सामाजिक विषयको योग्यता पुगेका इच्छुक नेपाली नागरिक बाट दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

**विज्ञापन नं.** : १/०८२/०८३ ■ पद : कार्यालय सहायक(लेखापाल)
■ आवश्यक संख्या : १ ■ नियुक्तिको प्रकार : करार

**विज्ञापन नं.** : २/०८२/०८३ ■ पद/तह : शिक्षक/नि.मा.वि.
■ आवश्यक संख्या : १ ■ विषय : गणित
■ नियुक्तिको प्रकार : गा.पा. अनुदान

**विज्ञापन नं.** : ३/०८२/०८३ ■ पद/तह : शिक्षक/नि.मा.वि.
■ आवश्यक संख्या : १ ■ विषय : सामाजिक
■ नियुक्तिको प्रकार : गा.पा. अनुदान

- **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
- **आवश्यक शैक्षिक योग्यता** : कार्यालय सहायकको हकमा व्यवस्थापन विषयबाट +२ उत्तीर्ण र शिक्षकको हकमा सम्बन्धित विषयमा +२ उत्तीर्ण वा सो सरह
- **आवश्यक कागजात** : हस्त लिखित निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, शिक्षकको हकमा अध्यापन अनुमति पत्रका प्रमाणित प्रतिलिपि र निरोगिताको सक्कल प्रमाण पत्र
- **परिक्षाको किसिम** : लिखित र अन्तवार्ता कार्यालय सहायकको हकमा आवश्यक परेमा प्रयोगात्मक
- **निवेदन दस्तुर** : २०००
- **सेवा सुविधा** : कार्यालय सहायकको हकमा नेपाल सरकारको प्रचलित नियमानुसार र शिक्षकको हकमा गा. पा. को अनुदान अनुसार
- **आवेदन दिने अन्तिम मिति** : २०८२।०९।१६ गते विद्यालय समयमा
- **सम्पर्क मिति** : २०८२२०९/१७ गते
- रित नपुगेका र म्याद नाघी आएको दरखास्त माथि कुनै कारवाही गरिने छैन।
- अन्तर्वार्तामा उपस्थित हुँदा नागरिकता र शैक्षिक योग्यताको सक्कल प्रमाण साथमा लिई आउनुपर्ने छ।

**नोट** : दस्तुर रकम विद्यालयको चल्ती खाता नं. ०९४४१५००१९३३८००२ एन आई सी एसिया बैंक मा जम्मा गरी सो को भौचर पेश गर्नुपर्ने छ।

प्रधानाध्यापक:
**श्री पजरकट्टी माध्यमिक विद्यालय**
रोहिणी गा.पा.–७, सेमरा, रुपन्देही
सम्पर्क नं. : ९८५७०५१५३७, ९८१७४१३०२८



## शिक्षक आवश्यकता

मिति : २०८२/०९/२९ गते

**उपर्युक्त सम्बन्धमा मिति २०८२/०८/१७ गते विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार गाउँपालिका स्रोतबाट तलब भत्ता खानेगरी बालविकास कक्षाको लागि उर्दु महिला शिक्षक भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेको नेपाली नागरिक बाट आवेदन लागि दरखास्त आह्वान गरिएको हुँदा निर्धारित समयभित्र आवेदन दिनका लागि यो बिज्ञापन प्रकाशित गरिएको छ।**

तपसिल

**बिज्ञापन नं. : ०८२/०८३/०१**

१. विषय : उर्दु, अरबी  २. पद संख्या : १ जना
३. अधिकतम उमेर १८ देखि ४० सम्म
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
५. शैक्षिक योग्यता : कम्तिमा १०+२ उर्दुवाट उत्तिर्ण (फाजिल) उर्दु शास्त्रमा उपल्लो योग्यता प्राप्त उमेदारलाई प्राथमिकता दिइनेछ।
६. शैक्षिक प्रमाणपत्र
७. तलव स्केल: गाउँपालिका श्रोत तथा (वि.व्य.स. को निर्णय अनुसार)
८. निरोगिताको प्रमाण पत्र
९. परिक्षाको किसिम : लिखित र अन्तरवार्ता
१०. निवेदन शुल्क : रु.१००० निवेदन साथ जम्मा गर्नुपर्ने।
११. आवेदन दर्ता गर्ने अन्तिम मिति २०८२/०९/०६ गते सम्म
१२. सम्पर्क मिति २०८२/०९/०७ गते

प्रधानाध्यापक
**मदरसा तालीमुल कुरआन अल्सलफीया**
सियारी गा.पा. प्रसौली, (छपिया) रुपन्देही



## शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशित मितिः २०८२/०९/०१ गते

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५८७ मिति २०८१/११/१८ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरु मध्ये आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरुलाई डिभिजन वन कार्यलय बाँकेको च.नं. १५३० मिति २०८२/०८/२५ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका असना, खयर, धौटी, जामुन जातका कुल जम्मा गोलिया थान ३०४ को ६०३.८१ क्यू.फिट काठ तथा साल मिश्रित जातको ४ चट्टा दाउरालाई हाल जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सुचना प्रकाशित गरिएको हो। ईच्छुक वन पैदावरको लिलाम बिक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचीकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र सिलबन्दी बोलपत्र खरिद गर्न र २२ दिनभित्र सिलबन्दी बोलपत्र दर्ता गर्न आह्वान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ।

**श्री सिता सामुदायिक वन उपभोक्ता समूह**
डुडुवा गा.पा.–०५, बाँके



## Family Business Group pvt. ltd

Siddharthanagr Na.Pa.-9, Kathautiya, Rupandehi
PAN : 622310208

### अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस प्रा.लि. कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्रि मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| | TV, Cooler, washing machine | MRP |
|---|---|---|
| TV | AM32HSA6B | 27,990 |
| TV | AM32HSA6C | 27,990 |
| TV | AM32HSA9A | 27,990 |
| TV | AM32HG9A | 30,990 |
| TV | AM32HGQ9B | 32,990 |
| TV | AM43FSA6A | 94,000 |
| TV | AM43FG9B | 99,000 |
| TV | AM43UGQ9B | 112,000 |
| TV | AM50UGQ9B | 115,000 |
| TV | AM55UG9B | 125,000 |
| TV | AM55UGQ9B | 140,000 |
| WM | AMWS75VR | 35,000 |
| WM | AMWS80VR | 38,000 |
| WM | AMWS85G2 | 40,000 |
| WM | AMWS95VR | 42,000 |
| WM | AMWS10G2 | 44,000 |
| WM | AMWS11G2 | 46,000 |
| WM | AMWS12G2 | 55,000 |
| WM | AMWS13G2 | 58,000 |
| WM | AMWS14G2 | 60,000 |
| Cooler | AM35CLPX4A | 18,000 |
| Cooler | AM50CLPX4A | 28,000 |
| Cooler | AM90CLDX5A | 38,000 |
| Cooler | AM100CLDX5A | 40,000 |
| Cooler | AM100CLDX4A | 42,000 |
| Cooler | AM130CLCX6A | 45,000 |



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

## बुटवल गोरुसिङ्गे चन्द्रौटा सडक योजना

### सडक प्रयोग सम्बन्धी सार्वजनिक अपिल

**बुटवल देखि गोरुसिङ्गेसम्म सडक स्तरोन्नतिको कार्य भैरहेको छ। यस अवधिमा आवागमनलाई सहज बनाउन तथा सबैको सुरक्षा सुनिश्चित गर्न जरुरी छ। हामी सबैको सहयोग र सजगताले निर्माण कार्यलाई छिटो र सुरक्षित रूपमा पूरा गर्न सकिन्छ। आफ्नो, परिवार र समुदायको सुरक्षाको लागि उपर्युक्त सुझावहरू पालना गर्नुहोस्।**

- **बनिरहेको सडक उचित र सुरक्षित प्रयोग गरौं, सावधानी अपनाऔं। बालबच्चाहरूलाई सडकमा ध्यान दिन र हात समाएर हिँड्न सहयोग गर्नुहोस्।**
- **निर्माणाधीन सडक भएको खण्डमा डाइभर्सनमा सावधानीपूर्वक गति घटाएर सवारीसाधन चलाउनुहोस्।**
- **सडकमा राखिएका संकेत, ब्यारिकेड वा अन्य मार्गदर्शक निर्देशनलाई पालना गर्नुहोस्। सम्भव भएसम्म स्थानीय प्रशासनले बताएको वैकल्पिक मार्ग प्रयोग गर्नुहोस्।**
- **निर्माण सामग्री, मेशिन तथा खाल्डा भएका ठाउँबाट सुरक्षित दूरीमा रहनुहोस्। आफूले देखेका जोखिम वा समस्याको सूचना तुरुन्त दिनुहोस्।**







## श्री पिपरीचापा महिला सामुदायिक वन उपभोक्ता समूह

कञ्चन–५, रुपन्देही

### काठ लिलाम बिकी सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०१ गते

**यस सामुदायिक वनवाट आ.व. २०८१/०८२ मा उत्पादन भएको काठमध्ये समूह भित्रका उपभोक्ताहरुलाई बिकी वितरण भई बाँकी रहेको लट नं. १ देखि ४ बमोजिमको विभिन्न जातको गोलिया थान ६०१ को ३६५९.५४ क्यु.फि. काठ तथा लट नं. ५ र ६ अनुसारको अन्य जातको दाउरा ३ चट्टा र साल जातको दाउरा ७ चट्टा गरी जम्मा दाउरा १० चट्टा काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिकी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काष्ठ व्यवसाय गर्ने ईजाजत प्राप्त व्यक्ति, संघ संस्था वा फर्मले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र समूहको कार्यालय तथा डिभिजन वन कार्यालय रुपन्देहीवाट वोलपत्र फाराम खरिद गरी शिलबन्दी बोलपत्र दाखिला गर्न अव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।**

अध्यक्ष
पिपरीचापा महिला सा.व.उ.स.
कञ्चन ५, रुपन्देही



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना १ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय तम्घासबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपशिल**

**१) कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा**

| ऋणीको विवरण | |
|---|---|
| नाम : **कुलरुप सिलाई कटाई तथा प्रशिक्षण केन्द्र** | प्रोप्राइटरको नाम : सुनिता कुमारी घर्ति थापा |
| दर्ता नं. : १९२१/०७०/०७१ | दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय |
| दर्ता मिति : २०७०/०६/१६ | फर्मको ठेगाना : गुल्मी जिल्ला तम्घास गा.वि.स वडा नं. ४ |
| स्थायी लेखा नं. : ६०७३६४८३१ | |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) कुल बहादुर घर्ती थापाको छोरी थमन बहादुर पुनको बुहारी यम बहादुर पुनको पत्नी गुल्मी जिल्ला तम्घास वडा नं. ४ हाल, रेसुङगा न.पा. वडा नं. ८ बस्ने **सुनिता कुमारी घर्ति थापा** (ना.प्र.नं. : २८००९ जारी मिति र जिल्ला : २०५९/०४/२५, गुल्मी) |
| २) काले बहादुर जिरेलको बुहारी टहल बहादुर जिरेलको पत्नी दोलखा जिल्ला जिरी न.पा. वडा नं. ५ बस्ने **शुसिला श्रेष्ठ जिरेल** (ना.प्र.नं. : ११४४८-३८५९, जारी मिति र जिल्ला : २०५६/१०/१२, दोलखा) |
| ३) रुप सिं पुनको नाति थमन वहादुर पुनको छोरा गुल्मी जिल्ला पल्लीकोट वडा नं. ४ हाल, छत्रकोट गा.पा. वडा नं. २ बस्ने **यम बहादुर पुन** (ना.प्र.नं. : १५७० जारी मिति र जिल्ला : २०५१/०९/१७, गुल्मी) |
| ४) लिल बहादुर घर्तिको बुहारी दिपक घर्तिको पत्नी गुल्मी जिल्ला इस्मा गा.पा वडा नं. १ बस्ने **रुपा श्रेष्ठ घर्ति** (ना.प्र.नं. : ४१-०१-६९-०१३८६ , जारी मिति र जिल्ला : २०६९/१२/२१, गुल्मी) |

**२) कर्जा शीर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| कुल बहादुर घर्ती थापाको छोरी थमन बहादुर पुनको बुहारी यम बहादुर पुनको पत्नी गुल्मी जिल्ला तम्घास वडा नं. ४ हाल, रेसुङगा न.पा. वडा नं. ८ बस्ने **सुनिता कुमारी घर्ति थापा** (ना.प्र.नं. : २८००९ जारी मिति र जिल्ला : २०५९/०४/२५, गुल्मी) |

| व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण |
|---|
| १) थमन बहादुर पुनको नाति यम बहादुर पुनको छोरा गुल्मी जिल्ला छत्रकोट गा.पा. वडा नं. २ बस्ने **रोशन पुन** (ना.प्र.नं. : ४१-०१-७९-०२९६८ जारी मिति र जिल्ला : २०७९/०३/२९, गुल्मी) |
| २) महाविर रानाको छोरी धन बहादुर घर्ति थापाको बुहारी कुल बहादुर घर्ति थापाको पत्नी गुल्मी जिल्ला तम्घास वडा नं. ४ हाल, रेसुङगा न.पा. वडा नं. ८ बस्ने **रुपकला घर्ति थापा** (ना.प्र.नं. : २५७३९ जारी मिति र जिल्ला : २०५९/०१/१९ गुल्मी) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ